# तारागाउँ रिजेन्सी होटल्स लिमिटेड
# M/s Taragaon Regency Hotels Ltd.

HYATT REGENCY

बौद्ध, काठमाडौं, नेपाल, फोनः ५१७१२३४, ४२१७१२३, फ्याक्सः ५१७८३३३

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६(१) सँग सम्बन्धित अनुसूची-१४ बमोजिमको आ.व. २०८२।०८३ को प्रथम त्रैमासिक अवधिको प्रतिवेदन ।

**१. वित्तीय विवरण:**

क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धि विवरण ।

यस आ.व.२०८२।०८३ को प्रथम त्रैमासिक अवधि १७ जुलाई २०२५ देखि ३० सेप्टेम्बर २०२५ सम्मको वैधानिक लेखापरीक्षण हुनु पूर्वको अपरिष्कृत वित्तिय विवरण तथा गत आ.व. २०८१।०८२ को सोही अवधिको वैधानिक लेखापरीक्षण हुनु पूर्वको वित्तिय विवरणको तुलनात्मक वित्तिय विवरण अनुसूची-१ मा प्रस्तुत गरिएको छ ।

**ख) प्रमुख वित्तिय अनुपातहरु निम्नानुसार छन् :**

| विवरणहरु | आ.व २०८२।८३ को प्रथम त्रैमासिक अवधि (लेखापरीक्षण नभएको) | आ.व २०८१।८२ को प्रथम त्रैमासिक अवधि (लेखापरीक्षण नभएको) |
|---|---|---|
| प्रति शेयर आम्दानी । (नोक्सानी) | (१.२१) | २.३३ |
| प्रति शेयर नेटवर्थ | १५७.४९ | १४९.१९ |
| P/E ratio | (७०८.०६) | ४६८.६१ |
| प्रति शेयर कुल सम्पतिको मुल्य | २३७.१४ | २२५.४५ |
| तरलता अनुपात | २.०२ | १.९९ |

**२) व्यवस्थापकीय विश्लेषण:**

क) देशमा सन् २०२५ सेप्टेम्बर ८ र ९ मा भएको देश ब्यापी आन्दोलनका क्रममा पर्यटन व्यवसायमा सुधारात्मक भुमिका खेल्ने प्रमुख होटलहरुमा तोडफोड, लुटपाट तथा आगजनी क्रियाकलापहरु भएकोमा यस होटलमा समेत ठूलो भौतिक क्षति हुन पुगी सेप्टेम्बर ९ देखि होटल पुर्ण रुपले बन्द रहेको छ । यसर्थ आ.व. २०८२।०८३ को प्रथम त्रैमासिक अवधिमा होटलमा पर्यटकीय व्यवसायिक गतिविधिमा ठुलो असर परेको छ । अध्यागमन विभागले प्रकाशित गरेको तथ्यांक अनुसार जुलाई महिनामा ७०,१९३, अगस्ट महिनामा ८८,६८० र सेप्टेम्बर महिनामा ७८,७११ गरी जम्मा २३७,५८४ जना पर्यटकहरु हवाई मार्गबाट नेपाल भित्रिएका थिए । तीमध्ये समिक्षा अवधिमा सबैभन्दा बढी संख्या ७८,२१३ भारतीय पर्यटकको थियो । उपलब्ध तथ्यांक अनुसार गत वर्षको सोही समिक्षा अवधिमा जम्मा २३३,६२३ जना पर्यटकहरु नेपाल भित्रिएका थिए । समिक्षा अवधिमा गत वर्ष र यस वर्षको देशमा भित्रिएका पर्यटकको संख्या तुलना गर्दा यस अवधिमा पर्यटकहरुको संख्या १.७० प्रतिशतले वृद्धि भएको देखिएता पनी सेप्टेम्बर ९ देखि होटल बन्द हुन पुगेकाले यस अवधिमा व्यवसायिक कारोवार कम भएको छ । सेप्टेम्बर ८ र ९ मा भएको आन्दोलनको क्रममा होटलमा अतिथिहरु रहेकै अवस्थामा तोडफोड, लुटपाट तथा आगलागिजन्य गतिविधिहरु भएकाले अतिथिहरुका लगेजहरु लुटिने तथा जलाइने कार्य भएको र यस क्रममा थुप्रै अतिथिहरु घाइते हुनुका साथै एक जनाको ज्यानसमेत गुमेकाले यसले आगामि अवधिमा समेत पर्यटन क्षेत्रलाई ठूलो असर पार्ने देखिन्छ ।

(ख) गत आ.व. २०८१।०८२ को प्रथम त्रैमासिक समिक्षा अवधिमा कुल आम्दानी रु. ३०.०७ करोड, कर्मचारी बोनस, ऋण र कर अघिको खुद नाफा रु. ८.०९ करोड रहेकोमा, यस आ.व. २०८२।०८३ को प्रथम त्रैमासिक समिक्षा अवधिमा सेप्टेम्बर ९ गते देखी होटलको व्यवसायनै बन्द भएको हुँदा समिक्षा अवधिमा कुल आम्दानी रु. ९.६९ करोडले घटेर जम्मा रु. २०.३८ करोड पुगेको र कर पछिको खुद नोक्सानी रु. २.३७ करोड रहेको छ ।

ग) नेपालको पर्यटन क्षेत्रमा विगत २५ वर्ष देखि संचालनमा आई उल्लेखनिय योगदान पुर्याउदै आएको यस होटलमा सेप्टेम्बर ९ को घटनाले गर्दा ठूलो क्षति भएको र होटलको पुर्ण रुपले मर्मत सम्भार नगरि संचालनमा ल्याउने अवस्था नरहेकाले कम्पनीले होटलको पुर्ण मर्मत सम्भार गरि चाडो भन्दा चाडो संचालनमा ल्याउने तयारि गरिरहेको छ । हाल होटल पुर्ण रुपमा बन्द रहेको छ भने मर्मत सम्भारको कार्य सुचारु भई सकेको छ । यस होटलको पुर्ण रुपले मर्मत सम्भार गर्नुका साथै सम्पुर्ण सेवा सुविधाहरुको स्तरउन्नति गरि अतिथिहरुलाई थप उत्कृष्ट अन्तराष्ट्रिय स्तरको सुविधा उपलब्ध गराई होटल संचालनमा ल्याउने र व्यबसायिक गतिविधि बढाई लगानीकर्ताहरुलाई राम्रो प्रतिफल दिन सक्ने गरि पुन: स्थापित हुने यस कम्पनीको प्रमुख उदेश्य रहेको छ ।

(ङ) आर्थिक वर्ष २०८२।८३ को आगामी त्रैमासिक अवधिमा होटलमा कुनै व्यावसायिक गतिविधिहरु नहुने र होटलमा मर्मत सम्भारका लागि कम्पनीले ठूलो रकम समेत खर्चिनुपर्ने स्थिति रहेको छ । यस होटलले चाडो भन्दा चाडो मर्मत सम्भारको कार्य गरि होटललाई पुन:संचालनमा ल्याउन अपनाउनुपर्ने सबै रणनीति तथा उपायहरु अबलम्वन गरिरहेकोछ ।

**३) कानूनी कारवाही सम्बन्धी विवरण :**

क) यस आ.व. २०८२।८३ को प्रथम त्रैमासिक अवधिमा कम्पनीले कुनै विरुद्ध मुद्धा दायर गरेको छैन र कम्पनीको विरुद्धमा कुनै मुद्दा दायर भएको सूचना कम्पनीलाई प्राप्त भएको छैन ।

ख) हालसम्म कम्पनीको संस्थापक वा संचालकले तथा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको सूचना कम्पनीलाई प्राप्त भएको छैन ।

ग) हालसम्म कम्पनीको संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको सूचना प्राप्त भएको छैन ।

**४) संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:**

क) शेयर कारोबारमा हुने उताव चढाव खुल्ला बजारले प्रतिपादन गरेको मूल्य तथा मान्यता अनुरुप हुने गरेको छ । शेयर कारोवार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्या निम्नानुसार रहेको छ ।

| विवरणहरु | आ.व २०८२।०८३ को प्रथम त्रैमासिक | आ.व २०८१।०८२ को प्रथम त्रैमासिक |
|---|---|---|
| अधिकतम मुल्य रु. | १,०८६.३० | १,५३८.०० |
| न्युनतम मुल्य रु. | ८०७.५० | ८०१.०० |
| अन्तिम मुल्य | ८५६.८० | १,०९०.०० |
| कारोबार भएको कुल दिन | ४३ | ४९ |
| कुल कारोबार संख्या | ३,८५१ | ११,९२९ |
| कुल कारोबार शेयर संख्या | ३८८,०३९ | १,९१२,६२० |

**५) समस्या तथा चुनौती:**

**क) समस्या तथा चुनौतीहरु:**

(क.१) आन्तरिक समस्या: यस कम्पनीमा आन्तरिक कुनै पनि समस्या रहेको छैन ।

(क.२) बाह्य समस्या:

- सेप्टेम्बर ९ मा होटल व्यवसायमा भएको आक्रमण जसले विभिन्न देशका पर्यटकहरु घाइतेहुनुका साथै ज्यान गुमाउन समेत पुगेकाले सो कुराले अन्तराष्ट्रिय जगतमा समेत नेपाल पर्यटकहरुकालागि सुरक्षित नरहेको भन्ने सन्देश पुगेकाले सो कुराले आगामि दिनमा पर्यटन क्षेत्रमा पर्ने नकरात्मक प्रभाव ,
- होटललाई अन्तराष्ट्रिय स्तरको पर्यटन गन्तव्यको रुपमा स्थापित गर्न आवश्यक मर्मत सम्भारका लागि चाहिने सर-सामान तथा सेवाहरु विभिन्न मुलुकबाट आयात गर्नुपर्नेमा सो क्रममा विदेशी पक्षहरुलाई सेवा बापतको भुक्तानि गर्दा सरकारी निकायहरुबाट आवश्यक स्वीकृति दिदाँ हुने ढिला सुस्ति जसका कारण मर्मत सम्भारको कार्यमा असर पर्ने,
- देशको आर्थिक र राजनितिक उताव चढाव तथा सम्बन्धित बजार मुलुकहरुबाट जारी हुने यात्रा प्रतिकुलता सम्बन्धी निर्देशनहरुबाट पर्ने प्रभाव ।
- पर्यटन व्यबसाय संवेदनशील व्यबसाय भएकोमा आन्दोलनका क्रममा नष्ट पारिएका होटल व्यवसायिहरुका लागि व्यवसाय पुन:स्थापना गरि संचालनमा ल्याउन सरकारको ठोस निति तथा सहुलियतको अभाव,
- बिलासिता कर लगाउनाले पाँचतारे होटलमा बस्दा ग्राहकहरुको खर्च बढ्ने भएकाले होटलमा स्थानिय तथा स्वदेशी ग्राहकको संख्या कम हुने ।
- पर्यटन सम्बन्धि भौतिक पूर्वाधारहरुको विकास तथा स्तरोन्नती नहुनु, सर्वसुलभ यातायातको सुविधा नहुनु,
- विदेशी मुद्राको विनिमयमा भईरहने उताव चढाव,
- अप्रत्यासित रुपमा पर्यटन क्षेत्रमा हुने श्रम समस्याहरु जसको कारणले आन्तरिक तथा बाह्य पर्यटकमा पर्ने नकारात्मक प्रभाव,
- अप्रत्याशित रुपम घट्ने पर्यटक प्रतिकुलकताका राष्ट्रिय तथा अर्न्तराष्ट्रिय घटनाहरु, प्राकृतिक तथा दैविक प्रकोपहरुको प्रभाव,

**(ख) रणनीती:**

- होटलको पुर्ण मर्मत सम्भार गरि अतिथिहरुलाई प्रदान गरिने सेवा- सुविधाहरुको स्तरोन्नति गराई समय अनुकुल सुधार ल्याउने जसका कारण स्वदेशी तथा विदेशी अतिथिहरुको नेपालमा रुचाइको होटल तारागाँउ रिजेन्सी होटल्स बनोस ।
- होटल परिसरमा कर्पोरेट सभा, सामाजिक, शैक्षीक तथा सांगितिक कार्यक्रमहरु संचालन गर्न थप आकर्षण बढाउने ।
- होटल पुन: संचालनमा आए पश्चात होटलका कर्मचारिहरुलाई अतिथिलाई उच्चस्तरीय सेवा प्रदान गराउन आवश्यक विभिन्न तालिमहरु प्रदान गर्ने,
- होटल मर्मत सम्भारका लागि आर्थीक श्रोत जुटाइ, खर्च कटौति गरि स्वदेशी तथा विदेशी ग्राहकहरुकालागि अन्तर्राष्ट्रियस्तरको गुणस्तरीय सेवा, सुविधाहरु उपलब्ध गराई लक्ष्य अनुसारको आम्दानी हासिल गर्न चाडो भन्दा चाडो होटल संचालनमा ल्याउने,

**६) संस्थागत सुशासन:**

यस कम्पनीले प्रचलित ऐन तथा कानुन, नेपाल र अन्तर्राष्ट्रिय लेखामान बमोजिमको मापदण्ड, नियमनकारी निकायहरुबाट समय समयमा जारी भएका नियम, विनियम, निर्देशन तथा परिपत्रहरुको पूर्ण रुपमा अनुपालन गरेको छ । साथै आन्तरिक नियन्त्रण तथा नियमन प्रणाली चुस्त राख्न, सञ्चालन जोखिमहरु कम गर्न तथा कारोबारलाई थप पारदर्शी र व्यवस्थित गर्न विभिन्न आन्तरिक नीति, नियमहरु लागु गरिएको छ । कम्पनीको लेखापरीक्षण समितिले स्वतन्त्र आन्तरिक तथा बाह्य लेखा प्रतिवेदन संचालक समिति समक्ष पेश गर्ने र संचालक समितिले आवश्यक निर्देशन दिने गर्दछ । कम्पनीको सञ्चालक समिति, लेखापरीक्षण समिति लगायत उच्च व्यवस्थापनका पदाधिकारीहरु आ-आफ्नो स्थानवाट कम्पनीको प्रगतिका निमित्त अहोरात्र खट्ने गरेको र आन्तरिक विभिन्न समितिहरु सदैब क्रियाशील रहि परिणाममुखी कार्यहरु गर्दै आइरहेका छन् ।

**७) सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष । कार्यकारी प्रमुखको उद्घोषण:**

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धताका सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन ।

**अनुसूची-१**

### Statement of Financial Position

| Particulars | Unaudited As of 30-Sep-25 | Unaudited As of 16-Jul-25 | Unaudited As of 30-Sep-24 |
|---|---|---|---|
| **Assets** | | | |
| **Non Current Assets:** | | | |
| Property, Plant and Equipment | 1,741,839,914 | 1,757,309,951 | 1,757,877,211 |
| Right of Use | 35,501,971 | 35,917,428 | 37,496,169 |
| Intangible Assets | 5,022,053 | 5,599,694 | 502,089 |
| Work in Progress | 112,996,707 | 64,780,477 | 21,668,602 |
| **Total Non-Current Assets** | **1,895,360,645** | **1,863,607,550** | **1,817,544,071** |
| **Current Assets:** | | | |
| Inventories | 11,501,139 | 21,990,111 | 16,194,334 |
| Trade and Other Receivables | 203,799,326 | 143,691,910 | 199,982,511 |
| Advance & Deposit | 328,284,078 | 252,611,203 | 308,734,785 |
| Investment | 1,565,994,445 | 2,007,238,383 | 1,782,375,383 |
| Cash and Cash Equivalents | 648,069,796 | 314,986,892 | 298,856,482 |
| **Total Current Assets** | **2,757,648,784** | **2,740,518,499** | **2,606,143,495** |
| **Total Assets** | **4,653,009,429** | **4,604,126,049** | **4,423,687,566** |
| **Equity & Liabilities** | | | |
| **Equity:** | | | |
| Share Capital | 1,962,120,160 | 1,962,120,160 | 1,962,120,160 |
| Reserves | 1,127,974,261 | 1,162,828,658 | 965,255,288 |
| **Total Equity** | **3,090,094,421** | **3,124,948,818** | **2,927,375,448** |
| **Liabilities:** | | | |
| **Non Current Liabilities:** | | | |
| Employee Benefits | 67,542,056 | 69,444,158 | 66,349,605 |
| Deferred Tax Liabilities | 89,133,120 | 85,869,008 | 85,869,008 |
| Lease Liability | 45,185,996 | 45,039,073 | 45,071,377 |
| **Total Non-Current Liabilities** | **201,861,172** | **200,352,239** | **197,289,990** |
| **Current Liabilities** | | | |
| Unsecured Loans | 27,915,894 | 28,012,562 | 29,137,426 |
| Trade and Other Payables | 1,073,673,219 | 1,032,720,988 | 1,002,650,862 |
| Employee Benefit and Provisions | 259,464,723 | 218,091,442 | 267,233,840 |
| **Total Current Liabilities** | **1,361,053,836** | **1,278,824,992** | **1,299,022,128** |
| **Total Liabilities** | **1,562,915,008** | **1,479,177,231** | **1,496,312,118** |
| **Total Equity and Liabilities** | **4,653,009,429** | **4,604,126,049** | **4,423,687,566** |

### Statement of Profit & Loss Account

| Particulars | Unaudited for the period ended 30-Sep-25 | Unaudited for the period ended 16-Jul-25 | Unaudited for the period ended 30-Sep-24 |
|---|---|---|---|
| Revenue from Operations | 171,044,676 | 1,521,649,487 | 275,246,123 |
| Other Income | 32,776,200 | 214,307,333 | 25,419,905 |
| **Total Income** | **203,820,876** | **1,735,956,820** | **300,666,028** |
| Operational Expense and Other Costs of Operation | 155,995,320 | 735,726,546 | 162,044,742 |
| Administrative Overhead | 48,311,777 | 306,792,481 | 57,700,382 |
| **Profit Before Depreciation, Amortisation and Tax** | **(486,220)** | **693,437,793** | **80,920,904** |
| Depreciation and Amortization Expenses | 23,256,662 | 98,420,226 | 22,965,548 |
| **Profit Before Tax** | **(23,742,882)** | **595,017,567** | **57,955,356** |
| Current tax | - | 126,441,233 | 12,315,513 |
| **Profit After Tax** | **(23,742,882)** | **468,576,334** | **45,639,843** |

Note:If The Statutory audit or supervisory authority notify and remarks to change the financial statement the same shall be changed accordingly